# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (एघारौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः २०७८।०३।०१गते

प्रदेश सभाको आजको बैठक माननीय सभामुख नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १०:२० बजे प्रारम्भ भयो ।

**माननीय सभामुखज्यू,**

माननीय सदस्यहरु, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब मिति २०७८ साल जेठ ३१ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आ.व. २०७८÷०७९ को नीति तथा कार्यक्रमाथिको छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम, माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु,। समय १४ मिनेट । त्यसपछि माननीय मेखलाल श्रेष्ठ ।

**माननीय धनञ्जय दवाडी**

सभामुख महोदय, २०७८ साल जेठ ३१ गते माननीय प्रदेश प्रमुख सिता कुमारी पौडेलद्वारा प्रस्तुत गरिएको गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमका सन्दर्भमा प्रमुख प्रतिपक्ष दलका रुपमा आफ्ना भनाईहरु राख्न उपस्थित भएको छु । सभामुखज्यू,नेकपा एमालेको गण्डकी प्रदेश सभामा भूमिका फेरिएको छ र समृद्ध गण्डकी निर्माण गर्ने लक्ष्य वदलिएको छैन । ०७४ सालको निर्वाचन, निर्वाचनको अभियानमा गण्डकी प्रदेश सरकार गठन र संचालनका क्रममा बाहिरिदा पनि उसलाई आफ्नो मित्र प्रतिनिधिको राम्रो जानकारी छ । तत्काल सतहमा देखिएका अस्थायी चरित्रका आधारहरुमा उभिएका वर्गिय धरातल, चिन्तन दृष्टिकोण वदल्न सक्दैन, लक्ष्य

वदल्न सक्दैन । आर्जन गरेको उपलव्धिलाई त्याग्न पनि सक्दैन । आदरणीय नेता पृथ्वीसुव्वा गुरुङले सत्तामा हुँदा र नहुँदा बोलिने भाषा र गरिने व्यवहारमा परिवर्तन हुनु हुँदैन भन्नुभएको छ र हामी त्यसैद्वारा निर्देशित छौं । सत्तामा रहनु, प्रतिपक्षमा रहनु लोकतन्त्रको एउटा चरित्र हो र त्यो चरित्रका हिसावले यो लोकतन्त्रलाई सुदृढ र समृद्ध बनाउने कुरामा हामी दृढतापूर्वक लागिरहने छौं । यो गण्डकी प्रदेशलाई समृद्ध बनाउने हाम्रा बाटाहरु, हामीले तय गरेको छौं, निर्माण गरेका छौं र त्यो बाटोबाट हामीले हिंड्नुपर्दछ ।

नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजना, गण्डकी प्रदेश सरकारको प्रथम पञ्चवर्षिय योजना, दिगो विकास लक्ष्य २०८७, अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन विकासका लक्ष्यहरु, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षाका आधारमा हामीले हाम्रा गन्तव्यहरु तय गर्नु पर्दछ त्यो बाटोमा, हिड्नु पर्दछ र त्यो लक्ष्यलाई भेट्नु पर्दछ र त्यो गन्तव्यमा हिड्नु पर्छ । हामीसँग पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संसाधन र सुशासन जस्ता समृद्धिका संवागदहरु हुन् र ती समृद्धिको संवागदहरुलाई बोक्नुपर्दछ । यी संवागहरुलाई हामीले सहयोगी पनि प्रयोग गरेका छौं ।

हामीले सरकारमा रहँदा सरकारका तर्फबाट यी कुरालाई राखेका छौं । प्राकृतिक सुन्दरता, जैविक विविधता, सांस्कृतिक सम्पदा, सामाजिक विविधता जनसांस्कृतिक लाभ, यी क्षेत्रमा आयेजना, योजनाहरु, लगानीहरु बढाएर आधुनिकीकरण गरी उत्पादनमुखी र अर्थतन्त्र निर्माण गर्न सकिन्छ । यसका त्यही मेरुदण्डहरु छन्— मुग्लिन बाट पोखरा आउने सडक, पोखराबाट वाग्लुङ वुर्तिवाङ जाने सडक, पोखराबाट वालिङ चापाकोट पुग्दै लुम्विनी प्रवेश गर्ने सडक, कोरला बेनी पोखरा भिमाद कावासोती सडक, डुम्रे बेनीघाट, आरुघाट, रुइला भञ्याङ, पोखरा चक्रपथ सडकहरु यी हाम्रा प्राप्त गर्ने मेरुदण्ड हुन् । यिनै मेरुदण्ड अक्षहरुमा उभिएर विद्युतीकरण, होटल, विद्यालयहरु, महाविद्यालयहरु, कलेजहरु, अस्पतालहरु, व्यापारीक भवनहरु मझौलाखाले उद्योगहरुको समृद्धि प्राप्त सक्छौ, शहरीकरण गर्न सक्छौं, शहरीकरणको बाटोमा हिंड्न सक्छौं ।

यसो गर्दा यहाँ जनबहहरीकरण गर्न सकिन्छ, वृहत आर्थिक क्षेत्रको निर्माण गरी स्वाधिन अर्थतन्त्रक गर्न सकिने बाटोमा जान सकिनेछ । तर अधिले भाञ्छामा पाक्ने दाल, चामल, तरकारी र फलफूलका निम्ति गरिने भुक्तानी हाम्रा युवा सन्ततिको निर्यातबाट प्राप्त हुन्छ । आयातको करले चल्ने सरकार, सामान बेचेर प्राप्त हुने कमिशनले संचालन हुने व्यवसायले उत्पादनमुखी अर्थतन्त्र पहिलो सर्त हो, समृद्धि पहिलो सर्त हो । हामीले केही प्राथमिकताहरु निर्धारण गर्नु पर्दछ । क्षेत्रगत प्राथमिकताहरु निर्धारण गरिनु जरुरी छ ।

पर्यटन पूर्वाधार गण्डकी उज्यालो गण्डकी प्रदेश कार्यक्रम कृषिमा उत्पादन, उत्पादित विद्युतका कार्यक्रम, विद्युतलाई यान्त्रिक र व्यवसायी कार्यक्रम, गण्डकी प्रदेश र औद्योगिक क्षेत्रको विकास, कृषि र वनमा आधारित उद्योगहरु, उद्यमशील र सीपयुक्त स्थानीय शिक्षा, स्थानीय तह केन्द्र जोड्ने सडक, प्राविधिक शिक्षा, जिल्ला अस्पतालहरुको स्तरोन्नति जस्तो क्षेत्रमा ध्यान दिनु हाम्रो जरुरी छ र अहिलेको हाम्रो जनसांख्यिक उपस्थितिमा हामीले ध्यान केन्द्रित गर्नुपर्छ, त्यसमा ख्याल राख्नुपर्दछ । सभामुख महोदय, सरकार अविछिन्न उत्तराधिकारी हुन्छ । एउटा सरकार प्रारम्भ हुँदा गरिएका योजना, काम र लक्ष्यहरुलाई वास्तै नगरी अर्को सरकार प्रवेश गर्न सक्छ ?

त्यसले अस्थिरता मात्र उत्पन्न हुन्छ, भद्रगोग हुन्छ भनेर नै हामीले योजनाहरु तय गरेका छौं, आवधिक योजनाहरु निर्माण गरेका छौं, पञ्चवर्षिय योजनाहरु निर्माण गरेका छौं, त्यही योजनाहरुमा टेकेर नै सरकार चल्नुपर्छ, सरकारले हिँड्नु पर्दछ, सरकारले आफ्नो गन्तव्यहरु निर्धारण गर्नु पर्छ । योजनाको वर्गिकरण साल बसाली गरिने कामहरुले गति र प्रगति प्राप्त गर्न नसकेकाले, भुक्तानीमा समस्या भएकाले वहुवर्षिय आयोजनाहरु निर्माण गर्नुपर्दछ । आयोजनाहरु निर्माण गर्नु पर्दछ तर सरकारको नीति तथा प्रस्तुत गरिएका कार्यक्रमले गरिएका अभ्यासहरु, लिएका नीतिहरुलाई छोडेको आभास हुन्छ । भद्रकोलबाट हिँड्न उन्मुक्त भएको देखिन्छ ।

गण्डकी प्रदेशमा समन्यायिक विकासका निमित्त हामीले प्रारम्भ गरेको एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम कता पुग्यो ? सभामुख महोदय मार्फत मुख्यमन्त्रीज्यूलाई सोध्न चाहन्छु, एक निर्वाचन क्षेत्र एक सडक सम्पन्न भयो ? हामीले ८५ वटा निर्वाचन

क्षेत्रका सडकहरु पूरा गरिसक्यो ?के त्यसमा हामीले लगानी बढाउनु पर्दैन ?के त्यसको हामीले स्तरोन्नति पूरा गरिसक्यौ ?के त्यसलाई हाम्रो भविष्य पूरा गर्नु पर्दैन? एक प्रदेश एक सडकहरु पूरा गरिसक्यौ ?के तिनमा हामीले लगानी बढाउनु पर्दैन ?के त्यसको स्तरोन्नति गर्नु पर्दैन ?त्यसले हाम्रो भविष्यको तय गर्नु पर्दैन ?गरीव, विपन्न जनताहरुलाई स्वास्थ्यको निमित्त पिउने पानी अनिवार्य र अपरिहार्य कुरा हो । के एक घर एक धारा पानी अब सम्पन्न भयो ? गण्डकी प्रदेशमा सबै धारा पुरा भए? तपाईंले यो लक्ष्य भेटिसक्नुभयो र तपाईंले यो कार्य छोड्नुभयो ? एउटा पालिका, एउटा स्थानीय र एउटा उद्योगग्राम किन छोड्नु भयो ?के का कारणले ? कसलाई खुशी बनाउनलाई, कहाँ लगानी गर्न तपाईंले यो कार्यक्रम छोड्नुभएको छ ?म बुझ्दैछु निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लिने बेलामा तपाईं प्रमुख प्रतिपक्ष दलको नेताका हैसियतले गण्डकी प्रदेश सभामा तपाईंको बढी ल्यांग्वेज र मैले नजिकबाट नियाँलेको छु, आज त्यो कामबाट तपाईं किन भाग्न खोज्दै हुनुहुन्छ ?किन माननीयको अपमान गर्न खोज्दै हुनुहुन्छ ?माननीयको तेजोवध गरेर, माननीयज्यूहरुलाई अपमान गरेर तपाईंको दिर्घायुको कामना गर्न सकिन्न, गण्डकी प्रदेशको उज्ज्वल भविष्यको कामना गर्न सकिन्छ । त्यसकारणले सभामुखमहोदय मार्फत, त्यही प्रश्नहरु राख्न चाहन्छु । नजानिदो पाराले भरिएको दुधको भाँडोमा तपाईं कागती निचोरिरहनु भएको छ निचतता कार्यक्रम माध्यमबाट ।

वहुवर्षिय आयोजनाहरुलाई छोडेर तपाईंले त्यो रकमान्तर गर्ने दुष्प्रयत्न गर्नुभएको छ, हेर्दा राम्रो लाग्न सक्छ, मिठो लाग्न सक्छ । प्रत्येक निर्वाचन क्षेत्रमा एउटा विद्यालयलाई हामी आवासिय विद्यालय बनाउँछौ भनेर तपाईंले प्रस्ताव गर्नुभएको छ। ८५ वटा निर्वाचन क्षेत्रमा ८५ वटा विद्यालय बनाउँदा मान्नुहोस् एउटा विद्यालयमा १०० जना मात्रै विद्यार्थी र निर्वाचन क्षेत्र एउटा नमुना विद्यालय बनाउने हो भने तलव खर्चमा मात्रै त्यसको संचालन खर्च मात्रै अरवौं खर्च हुन्छ । के तपाईंले निर्वाचन क्षेत्रीय सडक झिकेर त्यता रकमान्तर गर्न खोज्नुभएको हो ?के एक घर, एक धारा पिउने पानीलाई झिकेर त्यता पठाउन खोज्नुभएको हो ?मनोपरामर्शदाता ८५ वटै गाउँपालिकामा नियुक्ति गर्ने भन्नुभएको छ, र न्यूनतम पनि ८५ वटा गाउँपालिकामा ४० हजारका दरले १३ महिनाको तलव मात्रै भुक्तानी गर्दाखेरी त्यसको तलव खर्च मात्रै ४४ करोड भन्दा बेसी हुन्छ । सभामुद महोदय, यसै गरेर

नीति तथा कार्यक्रमले प्रत्येक वडामा कृषि प्राविधिक नियुक्ति गर्छु भन्नुहुन्छ, र कृषि प्राविधिक नियुक्ति गर्दा ७५९ वटा वडामा ३० हजारका दरले पनि १३ महिनाको तलव भुक्तानी गर्ने हो भने १३ करोड रुपैयाँ तलवमा खर्च हुन्छ ।

यसरी तपाईंले २ अर्व भन्दा बढी ल्याउने खर्च हुने तलव तपाईंले कहाँबाट ल्याउनुहुन्छ, कहाँबाट शोधान्तर गर्नुहुन्छ, कहाँबाट थप्नुहुन्छ ? वहुवर्षिय निर्माण आयोजनाहरुलाई रद्द गरेर, कर्मचारी नियुक्ति गर्ने बाटो तर्फ अहिले कुनै तपाईंको मनसाय खोटपूर्ण छ, खोटपूर्ण निर्देशनबाट ल्याइएको नीति तथा कार्यक्रम आलोचना योग्य छ, तपाईंले यसलाई सुधार गर्नुपर्छ । तपाईंले संविधान तोड्नु भएन, तपाईंले संविधान हेर्नु भएन, सरकारले हेरेन म भन्न सक्दिन, सरकारले पक्कै पनि संविधान पढेकै छ, सरकारले बुझ्नुपर्छ । संघका, प्रदेशका र स्थानीयका एकल अधिकारका सूचीहरु र साझा अधिकारका सूचीहरुलाई पढ्नुपर्दछ । स्थानीय तहको सरकारको एकल अधिकार, नैसर्गिक अधिकार शिक्षा क्षेत्रको अधिकार हो ।

त्यो अधिकारलाई कटौती गरेर, त्यो अधिकारलाई झिकेर तपाईंले कसरी संघीयताको सुदृढीकरण गर्नुहुन्छ ? कसरी संघीयताको विकास र प्रवद्र्धन गर्नुहुन्छ ? स्थानीय तहको घाँटी निमोठेर, स्थानीय तहको अधिकारलाई खोसेर, छिनेर, संघीयताको सुदृढीकरण गर्नुहुन्छ भन्ने आधार के छ र के आधारमा जानुहुन्छ र तपाईंलाई के आधारले विश्वास गर्ने ? सभामुख महोदय, अर्काको क्षत्राधिकारको क्षेत्रमा प्रवेश गरेर तपाईंले जुन ढंगको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ, त्यसले हाम्रो संघीयताको कार्यान्वयनमै प्रश्न उ्ब्जाउँछ, संविधानमै प्रश्न उब्जाउँछ । हाम्रो संघीयता समन्वय, समझदारी र सहकार्यमा हुन्छ, तपाईंको नीति तथा कार्यक्रमले समन्वय, समझदारी र सहकार्यलाई ठाडै उल्लंघन गरेको छ, त्यसकारणले यो ठडै उल्लघंन गर्ने बाटोबाट तपाईं फर्कनुहोस्, सच्चिनुहोस् भन्ने कामना गर्नुहोस् । गण्डकी प्रदेश सरकारको दरवन्दी झण्डै एक तिहार दरवन्दीमा तपाईं नियुक्त गर्न खोज्दै हुनुहुन्छ । गण्डकी प्रदेशको २९०० दरवन्दी हो ।

तपाईंले दरवन्दी गर्न खोजेको कर्मचारी संख्या टोटल गर्दा ८४४ हुन्छ, ८४४ जनालाई ठाडै नियुक्ति गरेर लोकसेवा आयोगको ईज्जतमा, मानमा, प्रतिष्ठामा खिल्ली उडाउने प्रयत्न गर्नु खोज्नुभएको छ, यसकारण यी यस्ता कुराबाट सच्चिनुपर्दछ, आउनुपर्दछ

भन्ने आग्रह गर्दछु । हामीले गण्डकी विश्वविद्यालय खोल्दाखेरी धेरै अध्ययन गर्यौं । अहिले फेरि थप आर्को विश्वविद्यालयको आवश्यकता के का निम्ति पर्यो ? जुन काम संभावनै छैन, त्यो ठाउँमा किन प्रवेश गर्नुपर्यो भन्ने म प्रश्न गर्न चाहन्छु । अघिल्लो सरकारले गरेको राम्रा कामलाई निःशेध गर्नु पर्ने कारण के हुन्छ किन यो क्षेत्रमा प्रवेश गरिनुपर्दछ भन्ने मेरो प्रश्न छ । नेपालको लोकतन्त्रको आन्दोलनमा गिरिजा प्रसाद कोइराला श्रद्धाकासाथ लिइने नाम हो ।
गिरिजाप्रसाद कोइरालाका नाममा जि.पी.कोइराला श्वास प्रश्वास केन्द्र तनहुँमा संचालित छ । अहिल्लो सरकारले केही कार्यक्रमको प्रस्ताव गर्दा, गण्डकी प्रदेश सभामा तपाईंहरुले देखाउनु भएको, प्रदर्शन गर्नुभएको तपाईंका विधि र व्यवहार हामीले झल्झली सम्झिरहेका छौं । आज त्यो जि.पी. कोइराला श्वास प्रश्वास केन्द्र संघीयता मार्फत छ । तपाईं त्यसलाई कसरी स्तरोन्नति गर्नुहुन्छ ? प्रदेश सरकार मातहत छ, मुख्य मन्त्रीज्यू मेरो प्रश्न छ । के अर्काको घरमा तल थप्न गएर हामी आफ्नो अधिकार जोगाउन सक्छौ, प्राप्त गर्न सक्छौं ? भन्ने प्रश्न छ र तपाईंले जे ढंगले यो ढंगले गिरिजाप्रसादको सम्मान होइन अपमान गरेको छ ।

मलाई थाहा छ, गण्डकी प्रदेश सभामा हामीले विशेष अधिवेशन एउटा आह्वान गर्यौं, विशेष प्रस्तावहरु ल्यायौं, प्रस्तावहरु ल्यायौं त्यतिबेला, जतिबेला तपाईं प्रमुख प्रतिपक्ष दलमा हुनुहुन्थ्यो म झल्झली सम्झिरहन्छु । आज तपाईंले राख्नुभएको एक घर एक पि.सि.आर ल्याउनु पर्छ भनेर तर आज खोई एक घर एक पि.सि.आर कहाँ गयो, तपाईं सत्तामा हुँदा एउटा भाषा, प्रतिपक्षमा हुँदा आएपछि खोई एक घर एक पि.सि.आर ल्याउनु पर्दैन, गर्नु पर्दैन ? तपाईंहरुले गर्नु पर्दैन ? विपाक्षीमा हुँदा तपाईंले त्यो भनेर भन्नुहुन्थ्यो भने तपाईं सत्तामा हुँदा तपाईंले त्यो काम पूरा गर्नुपर्यो नि । सत्तामा हुँदा एउटा भाषा, सत्तामा हुँदा एउटा कुरा, सत्तामा हुँदा एउटा विधि, अनि प्रतिपक्षमा हुँदा एउटा भाषाले तपाईंले सुदृढीकरण गर्नुहुन्छ ? लोकतन्त्रलाई बलियो बनाउनु हुन्छ ? समृद्धि बनाउनु हुन्छ ? हाम्रो संसदीय लोकतन्त्रले के भन्छ भने सत्तापक्ष होस्, उसको प्रतिपक्ष, उसको प्रतिवद्धता, उसको बोली, उसको वचन, उसको विधिले, उसको व्यवहारले सुदृढीकरण गर्ने हुनुपर्दछ । झुटहरु बोलेर, झुटका पुलिंगाहरु पस्केर, आरोप र प्रत्यारोपण गरेर समृद्धीको यात्रा तय गर्न सकिदैन । लोकतन्त्रलाई बलियो

बनाउन सकिदैन, तपाईंको नीति र कार्यक्रमले लोकतन्त्रलाई बलियो बनाउने बाटो देखाएन ।

धन्यवाद दिन चाहन्छु म सभामुख मार्फत, प्रदेश सरकारलाई । के कुरा तपाईंले समेटेर आउनुभएको छ, सचेत हुनुभएको छ, यसका लागि तपाईंलाई धन्यवाद, राम्रा कामका निमित्त तर निर्वाचन क्षेत्रमा एक घर एक धारा कार्यक्रम, गरीविको रेखामुनिका जनतालाई राशन कार्ड दिने कार्यक्रम खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, एक स्थान एक उद्योग झिक्ने कार्यक्रम तपाईंले किन झिक्नुभयो ? के का कारणले? निर्वाचन पूर्वाधार विकास कार्यक्रम केका निम्ति झिक्नुभयो? कसलाई रिझाउन यो काम गरिएको छ भन्ने प्रश्न छ र यो कुरा तपाईंलाई राख्न चाहन्छु ।

सभामुख महोदय, लोकतन्त्र, लोकतन्त्रको चरित्रमा, लोकतान्त्रिक सरकारमा, लोकतान्त्रिक काममा, लोकतानित्रक विधिहरुमा, संविधान र कानुनको कार्यान्वयनमा परिपालन हामीले हाम्रा दृढता, हाम्रा सिद्धान्त, हाम्र विचारहरुमा हामीले आफूलाई दृढताका साथ उभ्याउनु पर्दछ, फेरी पनि बारम्वार यो कुरा दोहो¥याउन चाहन्छु । एउटाको विधि, सिद्धान्त, आफ्ना विधि र व्यवहार भन्दा बाहिर कसरी जान सक्छ ? दलहरुले आफ्ना विधि र विधानलाई कसरी तोड्न सक्छन् ? गरिरहेका कामहरुलाई कसरी छोड्न सक्छन् भन्ने प्रश्न छ । अघिल्ला दिनहरुमा संसदमा छलफल भइरहँदा, माननीयहरुले उठाउनु भयो, हामी संघीयता सुदृढीकरणलाई बलियो बनाउनका लागि पृथ्वीसुव्वा गुरुङको सरकारले काम नगरेका कामहरुलाई बलियो बनाउन आयौं भन्नुभयो । यो संघीयता बलियो र सृदृढीकरण भनेको खोलामा उठाउने गिटी, बालुवा र ढुंगा मात्र हो कि अरु केही हो ? खोलामा उठाइएका गिटी, बालुवाका ठेक्कापट्टाबाट मात्रै हुन्छ कि अरु कुनै कामबाट हुन्छ ? संघीयताका अधिकार क्षेत्रहरु आ-आाफ्ना हुन्छन् भन्ने कुरा तथ्य हामीले बुझ्नुपर्छ कि पर्दैन, यसको विधि गर्नुपर्छ कि पर्दैन ?

सभामुख महोदय, संघीय लोकतन्त्रमा सत्तामा रहनु र प्रतिपक्षमा रहनु दुवै गर्वका विषय हुन् । आ—आफ्नो नीति, विचारका आधारमा दलहरुको भूमिका निर्भर हुन्छ । जिम्मेवारी र जवाफदेहिता निर्माण हुन्छ । नेपालको इतिहास र क्रान्तिकारीको पार्टी हो प्रजा परिषद जसले आफ्नो गठनको केही वर्षमा सहिदहरु, चार-चार जना

सहिद गर्यो, लोकतन्त्रका लागि लड्यो र सबभन्दा ठूलो क्रान्तिकारी पार्टी प्रजा परिषद् थियो। आज प्रजा परिषद्का उत्थान र पतनलाई हामी सबैले गम्भिरताका साथ हेर्नु, बुझ्नु र जान्नुपर्दछ । आज प्रजा परिषद्लाई जसरी हामी इतिहासका पानाहरुमा खोजिरहेको छौं कुनै दिन, दलहरु तिनको काम, विचार, व्यवहारले इतिहासका पानामा मात्र सीमित नहोस् भन्ने कुरामा ध्यान दिनुपर्दछ, बुझ्नुपर्दछ ।

अझै मार्क्सवादहरुले सोच्नुपर्छ । सत्ताका लागि जे पनि ठिक र सत्ताका लागि जो पनि सही भन्नु गलत हो । यसो भन्दा दुनियाँका मार्क्सवादी भन्नेहरु धेरै कम्युनिष्ट भन्नेहरु आज खोज्दा, खोतलिँदा पनि कहीँ पाउन सकिएको छैन । त्यसकारणले आ–आफ्ना राजनीति र नीतिका साथ आफूलाई लोकतन्त्र, संविधान र कानुनसंमतका साथ उभिन म सबैलाई हार्दिक अनुरोध गर्दछु, आग्रह गर्दछु । राजनीतिमा अपराधिकरण, अपराधको राजनीतिकरण दुवै लोकतन्त्रका दुश्मन हुन् । चित्र र चरित्रमा दाग लागेपछि जति मेटाउन खोजे पनि पुरानो स्वरुपमा फर्काउन, फर्किन सकिदैन, सम्भव छैन । खेल्ने खेलाडी हुन्, गोल टिमले गर्ने हो, त्यसले गर्दा सुन्दर देखिन्छ । तर रेफ्रीले खेलमैदानमा उत्रेर गोल गर्ने कुराले कुरुपताको मात्रै प्रदर्शन गर्छ । हिन्दी फिल्ममा जस्तै, डवल पार्ट रोल जस्तो हुँदैन, प्रतिपक्षमा डवल पार्टको भूमिका सुहाउँदो हुँदैन सरकारमा । सरकारले बलियो प्रतिपक्ष पाएको छ सभामुख महोदय । प्रतिपक्षले लसुन जस्तो एकतावद्ध सरकार पाएको छ ।

सरकार लोकप्रिय बन्ने काममा लरखारएको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छ। उससँग विगतको सरकारको जस्तो दृढता, आत्म विश्वास, योजना भएको देखिएन। जहाँबाट पनि ढोका बनाउन सकिन्न । हाम्रा संवैधानिक व्यवस्था ऐन, कानुन, नेपाल सरकार र प्रदेश सरकार योजनाबाट हिँडेर नै गन्तव्यमा पुग्न सकिन्छ । हाम्रा साझा धेय र समृद्ध गण्डकी प्रदेश हो प्रदेशको योजनाबाट हिँडेर नै गन्तव्यमा नै पुग्न सकिन्छ । हाम्रा साझा धेय समृद्ध गण्डकी प्रदेश हो । गण्डकी प्रदेश निर्माण गर्नका निमित्त नेकपा एमालेको आफ्नौ प्रद्धिवता गर्दै प्रस्तुत नीति तथा कार्यमा आफ्नो असहमति जाहेर गर्दै मेरा भनाई यहीँ टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

अब म माननीय सदस्य श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु, समय ७ मिनेट । त्यसपछि माननीय श्री धनमाया पोखरेल ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, सर्वप्रथम अहिले यो वर्षिय अधिवेशनमा नयाँ परिस्थिति अनुसार नेपाली काँग्रेसको जुन भूमिका थियो, अहिले चेन्ज भएर सत्तापक्षमा आइपुगेका छौं र सर्वप्रथम मुख्यमन्त्री लगायत सम्पूर्ण मन्त्रीज्यूहरुलाई वधाई एवं प्रदेशको जनताको उत्तरोत्तर प्रगति गर्ने कार्य सफलता मिलोस् शुभकामना व्यक्त गर्न चाहन्छु।

समामुख महोदय, हामी जुन परिस्थितिबाट आज सरकारमा छौं र त्यो सरकारको जुन समयमा नीति तथा कार्यक्रम लिएर आउनु पर्ने वाध्यता थियो, त्यही अनुसार सरकारले दिनरात  एकै दिनमै यो नीति तथा कार्यक्रम लिएर आएको छ र यो नीति तथा कार्यक्रमले खाली सबै वस्तुलाई होइन, एउटा गोरेटो बनाएको छ, त्यसलाई चित्र कोर्न मात्र थालेको छ किनभने यो सरकारसित समय थिएन । मलाई आशा छ, जुन नीति तथा कार्यक्रममा समयको पाउवन्दि बावजुद जसरी सरकारले एउटा खाका बनाउन कोसिस गरेको छ, विश्वास छ, बजेटमा र कार्यान्वयनमा यसले अब्वल आफूलाई बनाउने छ र जसरी आफू प्रतिपक्षमा रहँदा हामीले भन्ने गरेका थियौ, त्यसलाई फेरी अहिलेको प्रतिपक्षलाई भन्ने बाटो छोड्ने छैन भन्ने मलाई विश्वास दिलाउन चाहन्छु ।

हामीले नीति तथा कार्यक्रममा अमूर्त रहे तापनि अहिलेको परिस्थिति संसार कोभिडबाट पीडित छ । त्यो कोभिडबाट भएको जनताहरुलाई उत्थान गर्नको लागि, कोभिडबाट बचाउनको लागि, सबभन्दा पहिला सरकारले जनता बचाउको अभियानमा लाग्नुपर्छ । हामी प्रतिपक्षमा रहँदा पनि हामीले त्यही भनेको थियौं, त्यही भएर हामील भन्यौं प्रदेश आफै कोभिडको खोपको व्यवस्था गरी प्रदेशका जनताहरुलाई पहिला रोगबाट बचाउनको लागि हामीले त्यसमा लाग्नु पर्दछ । हामीले यो कोभिडबाट बचाउनको लागि कोभिडबाट असर गरेका जनताहरुलाई उत्थान गर्नको लागि विभिन्न राहत कोष ल्याउनु पर्छ । यसबाट क्षत्र विक्षत भएको अर्थतन्त्रलाई सुधार्नको लागि हामीले त्यसमा चासो दिनुपर्छ ।

मैले सुनें, प्रमुख प्रतिपक्षका माननीयज्यूले भन्नुभयो, धेरै कार्यक्रमहरु त क्यान्सिल भएका छन् नि, होइन, हामीले यो हतारमा नीति तथा कार्यक्रममा सबै व्यवस्थित गरेर प्रष्ट रुपमा व्यथिति गरी ल्याएका छैनौं तर मूर्त रुपमा बजेटमा  आउनेछ त्यसमा न त निर्वाचन कार्यक्रम नै काटिएको, नत उहाँले भने झैं जनताको एक धारा एक घर नै काटिएको छ, आधारभूत खानेपानी, सिँचाईं र जनतामा आवश्यकता पर्ने र अघिल्लो सरकारले गरेका दरगामी पर्ने असरहरु यो सरकारले कुनै पनि हालतमा काटेको छैन भन्ने विश्वास र विश्वास दिलाउन पनि चाहान्छु । मलाई लागेको छ । हो समयको पावन्दीले नीति तथा कार्यक्रममा ती उल्लेख भएका छैनन् होला तर आउने बजेटमा यी सबै कुराहरु प्रष्ट रुपमा आउने छन् ।

हामीले त भन्यौं, यो हाम्रो प्रदेशमा कोरानोबाट झण्डै ८०० भन्दा बढी व्यक्तिहरु वितिसक्नु भएको छ, उहाँहरुलाई हार्दिक श्रद्धाञ्जली दिँदै उहाँका परिवारहरुलाई यो सरकारले सोच्नुपर्दछ, त्यो परिवारको बालबच्चहरुलाई हेर्नुपर्दछ, परिवारलाई एकमुष्ठ रुपमा राहत दिनु पर्दछ, बालबच्चाहरुको संरक्षण गर्नको लागि, उसको स्वास्थ्य र शिक्षाको प्रवद्र्धन गर्नको लागि हामीले राहत कोषको व्यवस्था गर्नुपर्दछ भन्ने हामीलाई लाग्छ । त्यो पनि नीति तथा कार्यक्रममा स्पष्टता थियो, जस्तो लाई लाग्छ जसमा त्यो बजेटमा आउनेछ भन्ने मलाई लाग्दछ । हामीले भन्यौं, हामीले गर्यौं र कुरा उठायौं, सबभन्दा पहिलो कुरो कागजमा लेखेर मात्र हुँदैन, त्यसलाई कार्यान्वयन गर्नको लागि भ्रष्टाचार सून्य हुनु पर्दछ, सुशासन हुनुपर्दछ र यो प्रदेशमा जनताहरुले ढाड भाँचिने गरी यो महंगाई बढ्नु हुँदैन, सुशासन कायम गर्दै भ«ष्टाचारलाई कम बनाउँदै जनताहरुलाई राहत गर्दै र जो जनता गरीबिका रेखामुनि छन् जुन जनता अल्पसंख्यक छन्, जुन जनता खान पाएका छैनन् तीनलाई बोलेर हुँदैन, कार्यान्वयन गरेर देखाउनु पर्दछ भन्ने मान्यताका साथ जुन यो नयाँ सरकारले समय अभावको कारणले पनि ती कुरमा प्रतिवद्धताहरु जनाएको छ ।

मलाई लाग्छ, यो सरकारले अब कुनै प्रकारले पछाडि फर्कने, र कुनै पनि अलमलमा फस्ने समय छैन, छुट छैन त्यो कुरामा पक्कै पनि प्रदेशको जनताले जसरी आज यो लोकतन्त्र संरक्षण गर्न, संविधानको कार्यान्वयन गर्न र यो देशमा भएगरेका वेथितिहरुलाई संहाल्नको लागि अहिले गण्डकी प्रेदशबाट शुरु गरेको छ र गण्डकी प्रदेशबाट नै यो गठवन्धको सरकारले साँच्चै नेपाली जनताहरुलाई नेपाली जनताको

चाहना अनुसार यो देशमा शासन गर्दो रहेछ, उहाँहरुले त समय नपाउनु भएको रहेछ। दुई तिहाई सरकारको झण्डै भए तापनि आफ्नै व्यवस्थामा कमजोरी देखाएको कारणले जुन यो जनताले आफूलाई सुरक्षित महसुस गरेको थिएन । गठवन्धनको सरकार भए तापनि, जे—जस्तो कुरा गरे तापनि नेपाली जनताको, प्रदेशको सरकारको विकास समुन्नतिको लागि, अधिकार रक्षा गर्नको लागि, लोकतन्त्र र संविधानको रक्षा गर्नको लागि जस्तो अवस्थामा पनि, जुन पार्टी मिले तापनि सक्षम हुँदोरहेछ भन्ने कुरा आज यो गठवन्धनको सरकारले देखाउनु पर्ने बेला भएको छ, देखाउँछ ।

मलाई विश्वास छ, हामीले पहिलो दिनदेखि नै काम गर्न शुरु गर्न गरिरहेका छौं । एकै दिनमा दुई दिनमा नीत तथा कार्यक्रम र बजेटहरु ल्याउनको लागि यो सरकारले जसरी खटेको छ, कार्यान्वयनमा पनि त्यसैगरी खट्दैछ, हाम्रो बिचमा कुनै स्वार्थ छैन, हामी सत्ता पक्षमा रह्यो या प्रतिपक्षमा रह्यौं भनेर सबै कुरा सत्तापक्षको सपोर्ट गर्नु पर्दैन भन्ने मेरो मान्यता छ । हामी छौं, हामी खवरदारी गर्छौं, हामी जनताको प्रतिनिधि हौं, राम्रो कामको सबैले वाह वाह गर्नुपर्दछ, नराम्रो काम गर्न थाल्यो, बाटो बिराउन थाल्यो भने त्यसलाई हामीले सच्याउने र त्यसलाई घच्घचाउनु पर्दछ । आज प्रतिपक्षका साथीले भन्नुभयो, मलाई खुशी लागेको छ, आउदो दिनहरुमा प्रदेशको विकासको लागि, स्थिरताको लागि र जनताको भावनालाई बुझेर हामी को प्रतिपक्ष, को सत्तापक्ष ? यो जनता बचाउने अभियान हो ।

विकास निर्माण गर्दै गरौंला, अहिले त हामीले यो जनतालाई कसरी सुरक्षित अवतरण गर्ने, कसरी यो प्रदेशलाई स्थायित्व बनाउने ? कसरी यो लरखराएको अर्थतन्त्रलाई सुधार गर्दै आज हामीले फेरी स्थायी अर्थतन्त्रमा लगेर, प्रदेशको जनताहरुलाई आश्वस्त बनाएर हामी अगाडि बढ्न जरुरी छ ? मलाई लाग्छ त्यसमा सबै गण्डकी प्रदेशका माननीयज्यूहरु एकमत हुनु हुनेछ र यो सरकारले ल्याएको नीति तथा कार्यक्रम राम्रो छ, यसलाई केही कुराहरु सुधार गर्नुछ भने सुधार गर्नुछ र प्रदेशको जनताको हितको लागि यो सरकारले सदैव काम गर्दैछ, त्यो कारणले म र मेरो दल नेपाली काँग्रेसले यो नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्दै सबै दलहरुलाई समर्थन गर्नको लागि आग्रह गर्दै सबै मिलेर जाऔं, सहकार्य र सहमतिका साथ अगाडि बढौं र गण्डकी प्रदेशलाई उज्ज्वल बनाएर यहाँका जनतालाई स्थायी सरकारको अनुभूति दिउँ भन्ने आग्रह गर्दै विदा हुन्छु । धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेल लामालाई छलफलमा भाग लिन समय दिन्छु, समय ५ मिनेट । यसपछि माननीय दोबाटे विश्वकर्मा ।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारका नवनियुक्त मुख्यमन्त्री लगायत सम्पूर्ण मन्त्रीज्यूहरुमा हार्दिक वधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । आ.व. २०७८÷०७९ को नीति तथा कार्यक्रम माथि छलफल गर्ने अनुमति चाहन्छु । नीति तथा  कार्यक्रम बजेटको ऐना हो । माननीय सभामुख महोदय, हामीले जसरी आफ्नो अनुहार ऐनामा छर्लङ्ग देख्न सक्छौं त्यसरी नै नीति तथा कार्यक्रमले समग्र विकास र समृद्धिको तस्विर देखाउन सक्नुपर्दथ्यो, तस्विर देखाउन यो नीति तथा कार्यक्रमले देखाउन सकिरहेको छैन, बजेटले यसलाई प्रष्ट पार्नु पर्छ भन्ने मैले सुझाव दिन चाहन्छु ।

यो नीति कार्यक्रमलाई मैले हिजो सरसर्ति हेर्दा यो नीति तथा कार्यक्रमको समग्र विषयवस्तुलाई नियाँल्दा यो खिचडी सरकारको खिचडी नीतिमा मैले लिएँ किनभने खिचडीमा धेरै चिज मिसिएको हुन्छ, धेरै चिज पाकेको हुन्छ तर त्यसले चाहिँ खास स्वाद दिन सक्दैन । यसमा मैले विशेष दिन खोजेको छु, मलाई लाग्छ यो गठवन्धनको सरकारले आगामी दिनमा विनियोजन कार्यक्रममा विनियोजन गरेर ल्याओस् भन्ने मैले शुभकाना दिन चाहन्छु । माननीय सभामुख महोदय, नेपालको सन्दर्भमा पटक पटक सरकार परिवर्तनले दिगो र समृद्धिको वाधकको रुपमा जुन हाम्रो इतिहासमा आइपरेको छ, यो यथार्थ हो । हामी यहाँ सबै राजनीतिक दलहरु उपस्थित छौं । विगत २-३ महिना देखिको सत्ता संघर्षलाई हेर्ने हो भने यो हामी दायाँ र बायाँ रुममा सत्ता संघर्षको कुरा रहेन, हामीले संघीयतालाई जोगाउनको निमित्त, गणतन्त्रलाई जोगाउनको निमित्त मात्र होइन, हामीले हिजो २०७२ सालको संविधान घोषणा गर्यो, त्यो संविधानमा हाम्रो केही त्रुटी भएको त्यो के हो भने हाम्रो कार्यकारी राष्ट्रपति हुन पर्छ तब मात्र दिगो सुशासन हुनपर्छ भनेर विशेषगरी डा. बावुराम भट्टराईले उठाउनुभएको छ ।

काहीँ न काहीँ हामी त्याँनिर चुक्यौं ? केन्द्रीय सरकारदेखि सिंहदरवारसम्म सल्किएको आगो सत्ता संघर्षमा आएर यो गण्डकी प्रदेशसम्म पनि ठोक्किएको छ । यसमा हामी सबै राजनीति दलले म, म भनेर हामीले आफ्नो जिम्मा लिनुपर्दछ । सत्तामा दायाँ र बायाँ बस्नु मात्र बस्ने होइन, सत्ता संचालन गर्नु मात्र होइन, यो आम नेपाली जनताको आम गण्डकी प्रदेशभरिको जनताको भाविष्य जाडेको छ र यस समृद्धीको नारा योसँग लिएर आएको र यस समृद्धिको नारालाई आर्थिक, सामाजिक, न्यायको सिद्धान्तको हिसावले समृद्ध हासिल गर्न सक्छ भने हामीले हिजो गरेका ती संविधानमा गरेका त्रुटीहरुलाई संविधान त एउटा गतिशील दस्तावेज हो, त्यसलाई समयानुकुल परिवर्तन गर्न सक्यौं भने मात्रै हामीले एउटा समृद्ध नेपाल र समृद्ध प्रदेश हासिल गर्न सक्छौ ।

यो सत्ता संघर्षको कुरा चलिरहँदा पूर्व माननीय मुख्यमन्त्रीज्यूले के कुरा उठाइरहनु भएको थियो भने, हामीले संविधानमा व्यवथा गर्न नसक्दा प्रत्यक्ष निर्वाचित कार्यकारी मुख्यमन्त्रीको व्यवस्था गर्न नसक्दा अहिले यो नियति भोग्नु पर्यो भनिरनु भएको छ, त्यो विषयलाई म मेरो पार्टी र मेरो व्यक्तिगत तर्फबाट सम्मान गर्न चाहन्छु । हो हामी संविधानमा चुकेकै हौं, हामीले व्यवस्था परिवर्तन गर्नका निमित्त थुप्रै खालका संघर्षहरु गर्यौं, तर संविधानमा हामीले कार्यकारी राष्ट्रपति र कार्यकारी प्रदेश र मुख्यमन्त्रीको व्यवस्था गर्न सकेको भए यो सत्तापक्षको खेल यहाँसम्म उत्कर्षमा पुग्ने थिएन होला । एउटा विकासले गति लिइरहेको अवस्थामा हामी यसरी यो सत्ता संघर्षमा लुप्त हुन्थेनौं होला र समग्र राजनीतिक पार्टीको भविष्य पार्टीको मात्र होइन, समग्र गण्डकी प्रेदशको जनताको भविष्य संवद्र्धन र नेपालको भविष्य र सत्ता संघर्ष सँगसँगै कोरोना महामारीको भाइरस भन्दा पनि बढी सत्ता संघर्षको भाइरस चाहिँ जुन चलायमान छ, यसले त लाग्छ कुनै दिन हामी विपक्षमा रहौंला, कुनै दिन सत्तापक्षमा रहुँला, तर यसले अन्ततः नेपालको भविष्यमा ठूलै घात पुर्याउँछ भन्ने मैले यहाँ राख्न चाहें ।

माननीय सभामुख महोदय, प्रदेश गौरवको आयोजनाहरु-एक निर्वाचन क्षेत्र, एक सडक, एक घर एक धारा, गण्डकी प्रदेश उज्यालो प्रदेश जस्ता कार्यक्रमहरु, हामीले सरकार परिवर्तन गर्नेवित्तिकै यो नाराहरुलाई, आयोजनाहरुलाई किन हामीले ऋस गर्नुपर्छ ? यही त हो सत्ता संघर्षको खेल भन्ने कुरा । हामीले यो प्रदेश गौरवको आयोजनाहरुलाई

निरन्तरतामा लैजानु पर्छ, सरकार परिवर्तन हुनेवित्तिकै काटेर गयौं भने भोलि चुनाव गर्नु पर्ने बेलामा जनताले हिसाव किताव गर्नेछ, त्यसैले यसमा पनि सच्याउनु म अनुरोध गर्न चाहन्छु । कोभिड-१९ को महामारीको प्रभावका कारण स्वास्थ्य शिक्षा, पर्यटन व्यवसाय अति प्रभावितमा छ, खोई यो नीति कार्यक्रमले माग दर्शनको आधारमा प्रदेशवासी जनतालाई कोभिड-१९ विरुद्धको खोप कम्तिमा ६ महिनामा लगाउनु पर्छ भन्ने नीति निर्देशन किन व्यवस्था गर्न सकेन ? यसलाई बजेटमा व्यवस्था गर्न म अनुरोध गर्न चाहन्छु ।

गोर्खामा, मुस्ताङमा लगायतका ठाउँहरुमा जुन स्याउ सुपरजोनको रुपमा जुन घोषणा गर्ने कार्यक्रम थियो यसलाई किन झिक्यो ? यसलाई अब आगामी बजेटमा निरन्तरता दिन मैले अनुरोध गर्न चाहें र भौतिक, शिक्षा, उर्जा, जलस्रोत खानेपानी व्यवस्था, कृषि, गरिबी निवारणको रुपमा खेलकुदमा, नीति तथा कार्यक्रममा खासै मार्ग निर्देशन गर्ने खालको बजेटको व्यवस्था भएको छैन, यसलाई नीति कार्यक्रमले बोल्न सकेको छैन।

यसलाई पनि बजेटमा व्यवस्थापन गर्दै लैजानु पर्दछ र हामीले समग्र गण्डकी प्रदेशको जनताको भविष्य हाम्रो हातमा हाम्रो हातमा छ । हामीले सत्ता संघर्षको लागि मात्र होइन, दायाँ र बायाँ कुर्ची पाउनको लागि मात्र होइन सारा गण्डकी प्रदेशको जनताको भविष्यको सुनिश्चित गर्नको निमित्त हामी सत्ता पक्ष र प्रतिक्षमा हुनै दुवै सांसदहरुको भूमिका समान हुने प्रतिवद्धता गर्न र आगामी दिनमा त्यसरी बढ्न अनुरोध गर्दै, म र मेरो दलको तर्फबाट यो नीति तथा कार्यक्रममा समर्थन रहेको जानकारी गराउँदछु। धन्यवाद ।

**माननीय सभामुख**
अब म माननीय सदस्य श्री दोबाटे विश्वकर्मा लाई छलफलमा भाग लिन समय दिन्छु, समय ८ मिनेट । त्यसपछि माननीय ईन्द्रलाल सापकोटा ।

**माननीय विश्वकर्मा**
माननीय सभामुखज्यू, आज हामी २०७८÷०७९ को नीति तथा कार्यक्रम सन्दर्भमा आज हामी छलफलमा उपस्थित भएका छौं । माननीय सभामुखज्यू, सर्वप्रथम त ३ दिन अगाडि मात्रै निर्वाचित भएको माननीय मुख्यमन्त्री, मन्त्रीज्यूहरुलाई सर्वप्रथम

हार्दिक शुभकामना, सफलतको शुभकामना व्यक्त गर्न  चाहन्छु । वास्तवमा यहाँ नीति र कार्यक्रमको विषयमा माननीयज्यूहरुले धेरै कुरा राख्न चाहनुभएको छ, म त्यसको विषयमा जुहारी खेल्न पनि चाहन्न । वास्तवमा म के कुराहरु निवदेन गर्न चाहन्छु भने, आज हामीले २००७ सालदेखि ०५२-०५३ को जनयुद्ध हुँदै ०६२÷०६३ सालका जनआन्दोलनमा हामीले राष्ट्रिय राजनीतिमा सम्पूर्ण राजनीतिक दलहरुको सहमती र सहकार्यमा हामीले आज लोकतन्त्र, गणतन्त्र र  संघीयताको स्थापना गरेर हामी यस अवस्थामा आइपुगेको अवस्थाहरु रहेको छ ।

त्यसले गर्दा पनि आज राष्ट्रिय राजनीतिले गर्दा कतै हाम्रा लोकतन्त्र र गणतन्त्र र संघीयताको मौलिक अधिकार जनताको ईच्छा र आकांक्षाहरु समाप्त नै हुन्छन् कि भन्ने अवस्थाहरु सिर्जना भएको थियो, त्यही अवस्थामा गण्डकी प्रदेश नै  विघटन हुन्छ कि भन्ने अवस्था भयो । त्यति हुँदाहुँदै पनि आज हामी सबै राजनीतिक दलहरुको सुझबुझबाट हामीले आज गण्डकी प्रदेशलाई जोगाउन सफल भएका छौँ । त्यस कारणले गर्दा पनि आज यो गण्डकी प्रदेशको महत्वपूर्ण भूमिका रह्यो भन्ने मलाई लाग्दछ ।

माननीय सभामुखज्यू, आज नयाँ सरकार भनेको ३-४ मात्रै भएको छ, ३ दिनको दिनमा विशेषगरी भन्नुपर्दा एकै दिनमा जसरी यो नीति र कार्यक्रमलाई यहाँ पेश गर्न सकेको छ, यो प्रदेश सरकार माननीय मुख्यमन्त्रीज्यू देखि मन्त्रीज्यूहरु,, कर्मचारीज्यूहरु, विज्ञज्यूहरु सम्पूर्ण यससँग सम्बन्धित हुनुहुन्छ यहाँहरुले धेरै मेहेनत गरी यो नीतिगत कार्यक्रम यहाँ समावेश पेश गर्न सफल हुनुभएको छ म हार्दिक धन्यवाद दिन चाहान्छु ।

माननीय सभामुखज्यू, आज यो सिंगो सम्पूर्ण प्रदेशवासीहरुको आशा र भरोसाको रुपमा रहेको यो वर्तमान सरकारले जसरी यो काम थालनी गरेको छ यसले ३,४ वटा कुराहरु सिंगो प्रदेशवासीहरुको एउटा इच्छा र आकांक्षाहरु यस नीति र कार्यक्रमले संवोधन गरेको भन्ने मलाई लाग्दछ, किनभने ३, ४ वटा कुरा जुन विमा सम्बन्धी छ यो विमाले सरकारलाई आफूले जिम्मा लिएको छ र आज सम्पूर्ण प्रदेशवासीले खोप दिने व्यवस्था सरकारको गरेको छ, क्यान्सर पीडितहरुलाई अप्रेशनमा निःशुल्क खर्च

व्यहोर्ने भनेको छ त्यसले गर्दा पनि एउटा सुनौलो विहानीहरुको किरण छाएको छ भन्ने मलाई लाग्दछ ।

माननीय सभामुखज्यू, वास्तवमा, हामीले यो कार्यक्रम ल्याइसकेपछि जसरी यो छोटो समयको पावन्दीबाट यो बजेट आयो, यसले गर्दाखेरी यो नीति र कार्यक्रममा आएको छ । अब आउने बजेटहरु पनि यही ढंगबाट जानेछ र प्रदेशवासीले सेवा र सुविधा पाउने छन् भन्ने मलाई लाग्दछ । माननीय सभामुखज्यू, म के आग्रह गर्न चाहन्छु सरकारलाई भने, निःवर्तमान माननीय मुख्य मन्त्रीज्यू, निवर्तमान माननीय मन्त्रीज्यूहरु, र सम्पूर्ण मान्यज्यूहरुको सुझाव र सल्लाहबाट यो प्रदेशको विकास निर्माणलाई र बजेट कार्यान्वयन गर्ने पक्षमा सरकारको भूमिका रहनेछ भन्ने कुरा पनि मैले विश्वास लिएको छु ।

माननीय सभामुखज्यू, सरकारसँग के पनि अनुरोध गर्न चाहन्छु भने, हाम्रा वहुवर्षिय योजनाहरु छन्, हाम्रा नयाँ योजनाहरु पनि समावेश गर्ने अवस्था र विभिन्न खालका कार्यक्रमहरु छन् यी कार्यक्रमहरुलाई कमसे कम सबै राजनीतिक दलका र सत्तापक्ष, प्रतिपक्षका माननीयहरुसँग छलफल र समन्वय गरेर हामीले यो बजेटलाई कार्यान्वयनमा लैजानु पर्ने महत्वपूर्ण भूमिका रहेको छ भन्ने मैले विश्वास लिएको छु।

माननीय सभामुखज्यू, हामी सम्पूर्ण राजनीतिक दलहरुको सहमतिबाट मात्रै हाम्रो प्रदेशको विकास र समृद्धि हुन सक्छ भन्ने कुरामा मैले विश्वास लिएको छु । वास्तवमा यो पनि निवेदन गर्न चाहन्छु सरकारलाई भने आज हामी यो नव निर्वाचित ससदहरुले कमसे कम यो सत्तापक्ष र प्रतिपक्ष नभनीकन हामीले बजेटलाईै समान हैसियतले प्रदेशवासीको ईच्छा र आकांक्षा र प्रदेशवासीलाई शिरमा राखेर हामीले यो बजेटलाई संवोधन गर्न सक्यौं भने, माननीयज्यूहरुको भावनालाई संवोधन गर्न सक्यौं भने यो बजेट कार्यान्वयन पक्षमा जानेछ भन्ने मैले विश्वास लिएको छु ।

माननीय सभामुखज्यू, वास्तवमा यो मनसुनका कारणबाट अब बाढीपहिरो आउँदै छन।यसलाई पनि सतर्कता अपनाउन गर्ने अवस्थाहरु छन्, त्यसलाई पनि हामीले एकदमै ख्याल राख्नुपर्ने अवस्था रहेको छ । त्यसले पनि यो सरकार अति चनाखो

हुनुपर्ने र जिम्मेवारीपूर्वक अगाडि बढ्नु पर्छ भन्ने मलाई लाग्दछ यिनै कुराहरुलाई हामीले संवोधन गरेर, आज हामीले सत्तापक्षमा बस्दा यो भायो, प्रतिपक्षमा बस्दा यो भने भन्दा पनि हामीले यो सिंगो गण्डकी प्रदेशलाई समृद्धि गर्ने कुरामा हाम्रो आज सबै राजनीतिक दलको सहमति र एकागताबाट मात्रै यो प्रदेशको समृद्धिको सवालमा छ भन्ने कुरा हामीले कसैले पनि भुल्न हुन्न भन्ने कुराहरु म यहाँ राख्न चाहन्छु ।

सभामुख महोदय, आज हामीले कुनै पनि राजनीतिक दलहरुले यो प्रतिपक्ष हुँदैमा यो असाध्यै राम्रो भएन, हामी सत्तापक्ष भन्दैमा यो एकदम बजेट राम्रो भयो भन्नु भन्दा पनि आगामी दिनमा यो बजेटले गर्ने कार्यान्वयनले जनताले पाउने, प्रदेशवासीले पाउने सेवा सुविधाले यसलाई निर्धारण गर्ने कारणले गर्दा पनि यो बजेटलाई महत्वपूर्ण साथ पनि अगाडि बढ्न हामी सबै सत्तापक्ष र प्रतिपक्षको भूमिका रहन्छ भन्ने कुरा पनि म यहाँ प्रस्तुत गर्दछु ।

अन्तमा, जसरी सरकारले यो बजेट ल्याएर एउटा प्रदेशवासीको हक हितको निम्ति यो बजेट आएको छ, एउटा महत्वपूर्ण ढंगबाट आएको छ, अब जुन यहाँ प्रतिपक्षका माननीयज्यूले पनि प्रश्न उठाउनु भएको छ यसलाई सुझावको रुपमा छलफल गरेर यो बजेटलाई कार्यान्वयन पक्षमा लगेर अगाडि बढाउन सकौं, जुन यो बजेट आएको छ, यो बजेटलाई हाम्रो दल नेपाली काँग्रेस र मेरो आफ्नो व्यक्तिगत तर्फबाट पनि समर्थन गर्दै आफ्नो भनाई यहीं अन्त गर्छु, धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख**

माननीय सदस्य श्री इन्द्रलाल सापकोटालाई लाई छलफलमा भाग लिन समय दिन्छु, समय १३ मिनेट । त्यसपछि माननीय सदस्य पियारी थापा ।

**माननीय ईन्द्रलाल सापकोटा**

सभामुख महोदय, यतिबेला हामी गण्डकी प्रदेश सरकारको ०७८-०७९ को नीति कार्यक्रम माथि छलफलको सन्दर्भमा उपस्थित भईरहेका छौं । यतिबेला यो नीति कार्यक्रम माथि आफ्ना विचारहरु प्रस्तुत गरिरहँदा गण्डकी प्रदेशको नयाँ सन्दर्भ र नयाँ फेरिएको परिस्थितिमा म प्रतिपक्ष दलको नेताको हैसियतले प्रतिपक्ष दलको एउटा सांसदको हैसियतले आफ्ना विचारहरु प्रस्तुत गर्न गइरहेको छु । सर्वप्रथम

फेरिएको सन्दर्भमा गण्डकी प्रदेशको भर्खरै निर्वाचित सरकारलाई हार्दिक वधाई दिन चाहन्छु ।

सफलकार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । यो सन्दर्भमा मैले यो गण्डकी प्रदेशका झण्डै साढे तिन वर्षलाई हामी नजिकबाट नियाल्यौं भने हामी संघीयता कार्यान्वयनको पहिलो कडीको रुपमा जुन प्रदेशको अभ्यास गर्यौं, साँचो अर्थमा संविधानको कार्यान्वयनको सन्दर्भमा संघीयतालाई संस्थागत विकास गर्ने सन्दर्भमा यो गण्डकी प्रदेशका निःवर्तमान मुख्य मन्त्री पृथ्वीसुव्वा गुरुङ जसले आज यो गण्डकी प्रदेशको प्रादर्शिक संरचनालाई चाहे निकास निर्माणको सन्दर्भमा होस्, चाहे ऐन कानुन सन्दर्भमा होस्, चाहे प्रदेशको मुल भावना र मसकको सन्दर्भमा होस् साँचो अर्थमा संघीयतालाई मजबुत गर्नका निम्ति उहाँले खेलेको महत्वपूर्ण भूमिकाको निम्ति निःवर्तमान मेरा दलका आदरणीय नेता पृथ्वीसुव्वा गुरुङ र टिमलाई हार्दिक धन्यवाद गर्न चाहन्छु ।

यतिबेला मलाई के विषय उठाउन मन लागेको छ भने हामी यो भन्दा केही पहिला विश्वासको मत लिने सन्दर्भमा बहस गरेका थियौं । अहिले सत्तापक्षको रोलमा बस्ने मित्रहरु, मलाई झल्झल्ती याद छ, वास्तवमा गण्डकी प्रदेशका कामको सन्दर्भमा मुख्यमन्त्रीको भूमिकाको सन्दर्भमा, गण्डकी प्रदेशको सन्दर्भमा, मेरो दलले खेलेको भूमिकाको सन्दर्भमा वास्तवमा प्रश्न उठेको थिएन । फेरी पनि राष्ट्रिय राजनीति भित्र, देखिएका राजनीतिक दलहरुको बिचका अश्वस्त प्रतिस्पर्धाको शिकार गण्डकी प्रदेश बन्न पुग्यो । स्वयं राजनीतिक दलहरु भित्रैका अन्तरविरुद्ध, आपसीय अन्तर विरोधहरुको परिणाम हामीले वास्तवमा प्रादेशिक संरचनालाई यो प्रदेशको वस्तुगत धरातलभित्र  वहस गर्न सक्यौ कि सकेनौं ?

आज हामी यो गण्डकी प्रदेशका माननीय सांसदहरु, जनप्रतिनिधि मित्रहरु, हामी वास्तवमा यो गण्डकी प्रदेशको आवश्यकताका बारेमा वहस गर्न सक्यौं कि सकेनौं ? मलाई लाग्छ यो वहुत महत्वपूर्ण प्रश्न छ । यसले के जाहेर गर्छ भने यो मुलुकका राजनीतिक पार्टीहरु आज पनि हामी केन्द्रिकृत प्रणालीभित्रै छौं । हाम्रो प्रादेशिक संरचना साँचो अर्थमा प्रदेशले निर्णय गर्न पाउने तहमा विकसित हुन सकिरहेको छैन। हामीले जुन अपेक्षाका साथ ०६२÷०६३ को ऐतिहासिक जनक्रान्ति पश्चात् हामी संघीयतालाई आत्मसात् गर्यौं, साँचो अर्थमा संघीयता हामी हाम्रो भूगोलभित्र यहाँको

आवश्यकताको आधारमा हामीले यसलाई कार्यान्वयन गर्न सकेका छैनौं भन्ने कुरा गण्डकी प्रदेशको सरकार परिवर्तन र यस सरकारमा परिवर्तनमा देखिएका जे जस्ता परिदृश्यहरु छन्, मैले फेरि कुनै व्यक्ति प्रति कुनै अमूक पार्टी प्रति मैले केन्द्रित गर्न गईरहेको छैन ।

फेरी पनि तापाईं हामी यो संविधान निर्माणका निर्माणकर्ताहरु, लोकतन्त्रका पहरेदारहरु, लामो समय शान्तिपूर्ण क्रान्ति गरेका सशस्त्र संघर्षको बाटोबाटै यहाँसम्म यात्रा गर्दै आएका हामी राजनीतिक पार्टीहरु एकचोटी छातीमा हात राखेर सोच्नु पर्ने भएको छ । राष्ट्रिय राजनीति देखि यो प्रदेशको राजनीतिसम्म साँचो अर्थमा लोकतन्त्रलाई आत्मसात् गर्ने सन्दर्भमा, प्रदेशलाई कार्यान्वयन गर्ने सन्दर्भमा, संविधानले प्रत्याभूत गरेका विषयवस्तुहरु कार्यान्वयन गर्ने सन्दर्भमा, हामीभित्र, दलभित्र, अन्तरपार्टी भित्र, लोकतन्त्रको बारेमा र संघीयताको बारेमा व्यापक वहसको जरुरी छ । यही सन्दर्भमा मैले फेरि पनि पृथ्वीसुव्वा गुरुङलाई हार्दिक धन्यवाद दिन चाहन्छु । धेरै आशंका र संसयको बिचमा, लोकतन्त्रको मार्ग प्रशस्त गर्नुभएको छ । लोकतान्त्रिक मूल्य, मान्यतालाई प्रशस्त गर्नुभएको छ ।

उच्च राजनैतिक संस्कार प्रदर्शित गरी हाँसी हाँसी सत्ता हस्तान्तरण गर्नुभएको छ । आज पनि नेकपा एमाले यो संसदको रोमा सबैभन्दा ठूलो प्रतिपक्षको रुपमा रहँदा रहँदै पनि उहाँले हार्दिकता साथ जुन एउटा नमुना प्रदर्शित गर्नुभएको छ, लोकतन्त्रका निम्ति, उहाँको भावी राजनीतिक भविष्यका निम्ति जुन बाटो तय गर्नुभयो मैले फेरी पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सँगसँगै, सभामुख महोदय, मैले यो नीति कार्यमूलक सन्दर्भमा, केही विषयवस्तुहरुको सन्दर्भमा विषय राख्न चाहन्छु । सर्वप्रथम, नेपालको संविधान लगायत १५औं पञ्चवर्षिय योजना, नीति आएको प्रथम पञ्चवर्षिय योजना, अन्तर्राष्ट्रिय अभिशान्तिहरुको जगमा हामीले नीति कार्यक्रम बनाएको छौं भनेर आएको छ । यो नीति कार्यक्रम साँचो अर्थ त्यसको जगमा छ कि छैन समीक्षा गर्नु पर्नेछ । हामी दिगो विकास्लाई मिट गर्ने गरी हामीले ७ वर्ष वहस गर्यौं कि गरेनौं ? वहस गर्ने बेला आएको छ, मैले त्यति धेरै गम्भिरता देख्न सकेको छैन । समय पुगेन भन्नु भएको छ । फेरि पनि अएकजना माननीय सांसदले भन्नु भएको छ, कता कता खिचडीको रुपमा यो नीति कार्यक्रम ल्याउने प्रयत्न गर्नु भएको छ । मलाई लाग्छ, यसलाई गम्भिर हुनका निम्ति सत्ता पक्ष मित्रहरुलाई हार्दिक आग्रह

गर्न चाहन्छु । गण्डकी प्रदेशका हामीले सर्टेन रुपमा विकास निर्माण संविधानको आधारमा गरेका छौं ।

पर्यटन, उर्जा, भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, सुशासन सहितका हाम्रा समृद्धिका आधारहरु हामीले ३ वर्षमा तय गरेका छौं । साँच्चै त्यही जगमा यो नीति कार्यक्रम छ त ? मलाई लाग्छ मैले अध्ययन गरें, मैले त्यस्तो पाउन सकिन । मलाई लाग्छ, यसको बारेमा हामप् वहस गर्न जरुरी छ । गण्डकी प्रदेशका केही महत्वपूर्ण गौरवका योजनाहरु यसले समेट्ने प्रयत्न गरेको छ, तर किन कन्जुस्याईं गर्न पर्यो ? अघि पनि धेरै कुरा उठ्यो मैले भन्न चाहन्न । एक निर्वाचन क्षेत्र एक सडक भनेर राख्नका निम्ति किन कन्जुस्याईं गर्न किन पर्यो ? उज्यालो प्रदेश गण्डकी प्रदेश भनेर नामाकरण गरेको त्यो नारालाई हटाउनका निम्ति किन फाल्नुपर्यो, किन हटाउनु पर्यो ? एक घर एक धारा, खानेपानीको कुरा गरेका छौं तर गण्डकी प्रदेशको साझा संकल्प एक घर एक धारा भन्नका निम्ति किन सानो मन गराउनु पर्यो ? त्यति मात्र होइन निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको यहाँ कहीँ कतै उल्लेख भएको छैन ।

आदरणीय मित्रहरु, मलाई लाग्छ, परिमार्जनको नाममा नीति कार्यक्रम सत्तापक्ष बेन्चभित्र रुपान्तरण भइहाल्दाविक्तिकै मलाई लाग्छ, यत्रो मानसिक रुपमा ड्राफ्टिङ चेन्ज भइहाल्नु पर्ने, राम्रा कामलाई पनि अनुसरण गर्न नसक्ने, एउटा संकुचनबाट माथि उठ्नका निम्ति हार्दिक आग्रह गर्न चाहन्छु । सँगसँगै स्वास्थ्यको क्षेत्रमा हामीले हस्पिटलका सुधारका लागि थुप्रै कुरा गरेका छौं, फेरी पनि म सम्झाउन चाहन्छु, स्वास्थ्य भन्दाविक्तिकै विल्डिङ मात्र रहेनछ, जनशक्तिको कुरा छ, उपकरणको कुरा छ, औषधी व्यवस्थापनको कुरा छ । मलाई लाग्छ हामीले यो नीति कार्यक्रममा प्रयत्न ढंगले बोल्न र भन्न सकिरहेका छैनौं ।

गण्डकी प्रदेशवासी जनताहरुलाई हामी यति समयभित्र खोपको सिँढीसिद्ध गर्ने कुराको कमेन्टपमेन्ट हामीले गर्न सकेका छैनौं । केन्द्रसँग सहकार्यको कुरा गरेका छौं, वास्तवमा प्रतिवद्धता जाहेर गर्न सकेका छैनौं । अघि मित्रहरुले उठाउन भएको छ एऋच् का कुरा । हामी साझा संकल्पका साथ पास गरेका छौं । अहिले सत्तापक्ष बेन्चमा रहने साथीहरु विशेष अधिवेशनको माग गरेर यो विषयहरु उठाउनु भएको थियो कुनै दिन । आज आफैले किन यति चाँडै बिर्सिनुभयो ? मलाई लाग्छ, गम्भिर

विषय हो । कृषिको सन्दर्भमा हामी यान्त्रीकरणको कुरा गर्यौं, व्यावसायीकरणको कुरा गर्यौं, दूधमा आत्मनिर्भर बन्ने कुरा गर्यौं तर एउटा प्रोजेक्टमा धेरै दिनदेखि चलेको छ, यो गण्डकी काउ फर्म कहाँ पुग्यो ? चीन सरकारको सहयोगमा हामीले गण्डकीमा एउटा गण्डक प्रदेशको मातहतमा एउटा काउ फर्म बनाउने र गण्डकी प्रदेशवासीहरुलाई दूधमा आत्म संकल्प बोकेका थियौं विगत कुरामा त्यही आयो, तर आज काउ फर्म कहीँ पनि छैन, यो कहाँ हरायो ? मैले यो कुरा खोज्न चाहन्छु ।

सँगसँगै विपद् .व्यवस्थापनमा विपद् व्यवस्थापन कसको कुरा गरिरहेका छौं ? आज वर्षात् शुरु भएको छ, हामी गत वर्षका घरहरु निर्माण गर्न सकिरहेका छैनौं । केन्द्रीय सरकारले ७० प्रतिशत आफूले लगानी गर्ने कुरा गरेको छ । यो नीति कार्यक्रममा आउनुपर्छ, हामी ३० प्रतिशत बजेट भत्केका घरहरु निर्माणका निम्ति गण्डकी प्रदेश सरकारले व्यवस्थापन गर्छ, गण्डकीवासी जनताहरुको घर हामी बनाउँछौं भन्ने कुराको कमेन्टमेन्टेड नीति कार्यक्रममा आउनु पर्थ्यो, आएको छैन । मलाई लाग्छ राहतका निम्ति अहिलेसम्म कसैले उधारो बाँडेको मलाई अनुभूति छैन। तर यो नगद किन भन्नुपर्यो ? मैले बुझेको छैन । नगद भनेको क्यास तिर्ने भन्न खोज्नुभएको होला, तर मलाई लाग्छ, यसमा अपारदर्शिताको गन्ध बढी देखिन्छ ।

त्यसकारण मैले मित्रहरुलाई आग्रह गर्न चाहन्छु, राहत वितरण निश्चित सिष्टम, मूल्य, मान्यताको बिचमा बाड्नुहोस्, खोल्टीबाट नगद बाँड्ने विकास गर्नुभयो भने यसले फेरी सुशासनमाथि प्रश्नचिन्ह खडा हुनेछ । त्यसकारण मैले प्रतिपक्ष सांसदको हिसावले भन्न चाहन्छु, मित्रहरु नगदमा धेरै रुचि नराख्नुहोस् भन्ने मेरो सुझाव रहेको छ, सँगसँगै साह्रै मिठो कुरा गर्नुभयो । यो विद्यालय वास्तवमा १२ कक्षासम्म माध्यमिक तह सम्मको विद्यालय हाम्रो कार्यक्षेत्र भित्र छैन । आज एक निर्वाचन क्षेत्र एक आवासिय मा.वि. अघि तथ्यांकसहित आयो ।

मैले सुन्दैछु, हाम्रा वहुवर्षिय योजनाहरुको लागत, एक घर एक धारा, एक निर्वाचन क्षेत्र एक सडक लगायतका आयोजनाहरुको दायित्व झण्डै झण्डै १८ अरवको वरिपरिभित्र छ । अब तपाईं एक निर्वाचन क्षेत्र, एक आवासीय विद्यालय कसरी सम्भव छ ? यस्ता कुरा अनि एक वाड, एक प्राविधिक कसरी सम्भव छ ? मैले गाउँपालिकासम्म राम्रो प्राविधिक उठाउँ, जिल्लाका अस्पतालसम्म राम्रो डक्टरको

व्यवस्थापन गरौं मित्रहरु । एक वाड एक मनोसामाजिक अर्थात परामर्शदाता पठाउँ भनेका छौं । हामीले जिल्ला सदरमुकामका अस्पतालहरुमा राम्रो व्यवस्था गर्न सकिरहेका छैनौं । हामी हाम्रो औकात भन्दा बढी यो कुरा गरिरहेका छौं अनि मलाई लाग्छ मित्रहरु कागतमा मात्र सीमित ल्याएर पपुलारिटीको कुरा गर्नुभएको हो भने यसले हामीलाई डस्नेछ, यसले हामीलाई अधोगति तर्फ लैजान्छ त्यसकारण यो नसक्ने कुरा नगरौं भन्ने कुरा मैले यहाँहरुको बिचमा राख्न चाहन्छु ।

सँगसँगै मैले यो मुख्यमन्त्री जलवायु नमुना कृषि गाउँ भनेर यहाँ निरन्तर सञ्चालनमा छ । यसलाई एउटा परिमार्जन भन्ने शब्द राख्नु भएको छ । यसलाई विस्तार गर्न खोज्नु भएको हो कि ? यसलाई बढाउन खोज्नु भएको हो कि ? यसलाई थपघट गर्न खोज्नुभएको हो कि ? के भन्न खोज्नु भएको हो ? मलाई लाग्छ यो पनि खोटोपन देख्छु, यसलाई प्रष्ट पार्नका निम्ति म यहाँ सभामुख प्रति हार्दिक आग्रह गर्न चाहन्छु । प्रदेश प्रमुख शिक्षा सुधार कार्य ल्याउनु भएको छ, कस्तो सुधार गर्न खोज्नुभएको हो ? यो पनि कुनै प्रष्ट छैन । सबै पालिकाहरुमा प्रत्येक वडामा, प्रत्येक कृषि प्राविधिकका बारेमा मैले भनें यो गाउँपालिकासम्म, नगरपालिकासम्म, मैले थोरै कुरा थप्न के मात्रै चाहन्छु भने, गण्डकी प्रदेश आज पनि सत्तापक्षिय रोमा रहनु हुने आदरणीय मित्रहरुआ विनम्रताका साथ आग्रह गर्न चाहन्छु । हामी कहिलेकाहीं सत्तापक्षमा रहँदा मात्तिने र प्रतिपक्षमा जानेवित्तिकै त्रसित हुनुहुँदैन, हामी छैनौं ।

फेरी पनि म प्रतिपक्षको सांसदको हैसियतले भन्न चाहन्छु, हामी अत्यन्तै सिर्जनात्मक र रचनात्मक प्रतिपक्षको भूमिकामा हामी छौं, तर हेक्का राख्नुहोला । प्रतिपक्षको बेञ्चमा रहँदाविक्तिकै आलोचना गर्नुपर्छ भन्ने मनोग्रन्थबाट मुक्त छौं तर तपाईंहरुले प्रतिपक्षमा रहने कुरालाई कन्जुस्याईं ठान्नुभयो, कमजोरी ठान्नुभयो र फेरी पनि तपाईंको आफ्नो हिसावले विगतका कार्यक्रमको निरन्तरता दिन्छौं भनेर एक ठाउँमा राख्नुभएको छ, तर विगतको निरन्तरताको कार्यक्रमलाई प्रतिवद्धता गर्नु भएको छैन ।

थुप्रै छन्- जिल्लास्तरीय सडकका कुराहरु छन्, एक निर्वाचन क्षेत्र एक सडकका कुरा छन्, पूर्वाधार विकासका कुरा छन्, एक घर एक धारा छन् थुप्रै कुराहरु छन्, विकासका कार्यक्रमका कुराहरु छन् थुप्रै विगतका कार्यहरु छन्, त्यसमा तपाई निन्तर दिने कुरा, विगतमा क, ख र ग मा रुपान्तरण भएका सडकका कुराहरु छन्, यी कुराहरुलाई

हामीले यदि सत्ता बदल्नेवित्तिकै मानसिकता वदल्न थाल्यौं भने स्वभाविक ढङ्गले हामीले बुझेका छौं, प्रतिपक्ष दल चुप लागेर बस्दैन । त्यसका निम्ति उच्च तहको सहकार्य, समझदारी र सहयोगको भावनाका साथ सहकार्य गरौं । हामी यता बस्दा वित्तिकै मात्तिने र त्यता बस्दा वित्तिकै आलोचनात्मकक चेतले उपस्थित हुनु पर्छ भन्ने केही छैन ।

त्यसकारण लोकतन्त्रको संस्थागत विकास र समृद्धिका निम्ति, गण्डकी प्रदेशको संस्थागत विकास र समृद्धिका निम्ति, ३ वर्ष हामीले गरेका राम्रा कामहरुलाई कर्मठगत रुपमा कामहरु गर्ने, आगामी दिनहरुमा खुला हृदयका साथ छलफललाई अगाडि बढौं यही कुरा यहाँहरु यहाँहरुको बिचमा पस्कन चाहन्छु र यो नीति कार्यक्रम साँचो अर्थमा केही पुरानो कार्यक्रमहरुको निरन्तरता दिन खोज्नुभएको र केही कार्यक्रम थप्ने नाममा साँच्चै उँट बनाए जस्तो आकारको आउन खोजेको छ । तपाईंहरु वास्तवमा कन्जुस्याईं गर्नु पर्ने थिएन समय थिएन भने । गण्डकी प्रदेशका ३ वर्षका नीति कार्यक्रमहरु नेपालमै साँच्चै प्रदेश सरकारका नमुना नीतिका कार्यक्रम थिए, त्यसलाई तपाईंहरु ढुक्क साथ आत्मसात् गर्नका निम्ति डराउनु पर्ने, सानो मन बनाउनु पर्ने, कतै प्रतिपक्षले ल्याएका कार्यक्रम पर्यो कि भनेर यत्रो चित्त गराउनु पर्ने थिएन, त्यसमा कन्जुस्याईं गर्नु भएको छ त्यसमा नगर्न अनुरोध गर्न गर्दछु ।

जुन कुरामा सुझाव राखेको छु, तपाईंले बजेटमा आउँछ भन्नु भएको छ, हामी हेर्नेछौं। सँगसँगै मैले फेरी पनि दोहोर्याएर भन्न चाहन्छु, एउटा प्रतिपक्षको दलको हिसावले हामी रचनात्मक सुझाव दिँदै अगाडि बढ्ने छौं, यही कुरा राख्दै, यो नीति कार्यक्रम प्रति हाम्रो पार्टी नकपा एमाले संसदीय दलको तर्फबाट असहमति रहेको कुरा राख्न चाहन्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु, समय ५ मिनेट । त्यसपछि माननीय सदस्य श्री हरि बहादुर चुमान ।

**माननीय हरि बहादुर चुमान**

माननीय सभामुख महोदय, हिजो मात्रै सदनमा प्रस्तुत भएको नीति तथा कार्यक्रममा हामी छलफलको क्रममा जुटिरहेका छौं । यो छलफलमा आफ्ना भनाईहरु राख्नका

निमित्त समय प्रदान गर्नुभएको सभामुख महोदयमा हार्दिक धन्यवाद ज्ञापन गर्दै मेरो आफ्नो भनाई यहाँ राख्न चाहन्छु । वास्तवमा सर्वप्रथम त मैले नव नियुक्त मुख्यमन्त्री लगायत मन्त्रीज्यूहरुलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । अघिल्लो सरकारले साँढे ३ वर्षसम्म गरेको चमत्कार २ दिनमै यो सरकारले गर्छ भन्ने सोच्नु हाम्रो अलि पूर्वाग्रही नै हुन्छ कि भन्ने मलाई लाग्छ म त्यतातर्फ गईन ।

मैले यति मात्र के भन्न चाहन्छु भने यो सरकारले भूईंको टिप्न खोज्दा भूईंमा पोखियो कि, किनभने तपाईंहरुले आफ्नो छुट्टै प्रकारको कार्यक्रम हिजोको भन्दा केही फरक खालको कार्यक्रमहरु ल्याउन सक्नुभएको छैन, कम्तिमा पनि त्यसलाई ल्याउन सक्नुभएको भए राम्रो हुन्थ्यो, हुन त समयको पावन्दी त हो म बुझ्छु । तर अलि फरक खालको बजेट ल्याउनुभएको भए अझ उपयुक्त हुन्थ्यो भन्ने मेरो सुझाव छ । अहिलेको मुख्य प्रायोटी भनेको कोभिडको खोप उपलव्धता गराउने हो । हामीले विकासका बजेटलाई यथावत थाँती राखेर अहिले जनतालाई जोगाउनु पर्ने, जनतालाई बचाउनु पर्ने परिस्थिति छ । हामीले बाटो लैजाउँला, पुल बनाउँला, विद्युत लैजाउँला, खानेपानी लैजाउँला तर त्यसलाई उपभोग गर्ने जनताहरु रहेनन् भने त्यसको के अर्थ हुन्छ ? त्यसकारणले गर्दाखेरी सर्वप्रथम हामीले खोपको उपलव्धतालाई विशेष ध्यान दिनुपर्छ, मैले यो सुझाव दिन चाहन्छु ।

कार्यक्रमहरु थुप्रै आए पनि, मेरो आँखामा तत्कालै कोभिडको वितण्डाबाट आजित बनेका विपन्न वर्गहरुलाई दिइने तत्काल राहत प्याकेजले पनि स्थान पाउँँछ कि भन्ने तिर थियो, तर यस खालको कार्यक्रम नआएको हो वा कुनै शीर्षकमा गाभिएका छन् ? कृपया प्रष्ट पारिदिनु भयो भने म आभारी हुने थिएँ । प्रदेशको क्षमता र सक्षमतालाई मध्य नजर गर्दै नीति तथा कार्यक्रमहरु प्रस्तुत हुनुपर्छ तर हामी अलि हवाई उडानमा भयौं कि ? घरघरमा स्वास्थ्यकर्मी सुन्दा अत्यन्तै सुन्दर लाग्ने तर के प्रदेशभित्रका मानव संसाधन तत्कालका लागि पर्याप्त छन् त ?

प्रदेश आफ्नो जनशक्ति परिचालन गर्न सक्षम छ त ? यस्ता कार्यक्रम सुन्दा व्यवहारमा लागु भएन भने वितृष्णा पैदा गर्छ, त्यसकारण यस्ता कार्यक्रमहरु राख्दा हामीले अलि विवेक पुर्याउनु पर्छ कि, मेरो सुझाव छ । अहिले वडा वडामा स्तरमा स्वास्थ्य चौकीहरु निर्माण भएका छन्, ती स्वास्थ्य चौकीहरुमा उपकरण, औषधी अहिले नपाएर

अथवा त्यहाँ दक्ष जनशक्ति नभएर त्यहाँ हायलकायल परिस्थितिको अवस्था रहेको छ । यसकारण यसलाई व्यवस्थापन गर्नका निमित्त औषधी उपकरणहरु लिनका निमित्त, खोपका वा औषधीका भण्डारण गर्नका निमित्त त्यो खालका कार्यक्रम ल्याउनु भयो भने अझ राम्रो हुने थियो भन्ने मेरो सुझाव रहेको छ ।

महिला तथा किशोरीहरुलाई आज जति पनि महिला तथा किशोरीहरुले जुन पनि कामहरु गर्न चाहन्छन् । वास्तवले जसले जेसुकै भने पनि आर्थिक रुपमा परनिर्भर नै छ । आफूमा क्षमता भए पनि त्यो खालको व्यवसाय गर्न पैसा नभएकै कारण त्यो खालको गर्न नसकेको अवस्था छ । मैले यो सरकारलाई के सुझाव दिन चाहन्छु भने यो सरकारले प्रदेशलाई एउटा ऋणको उपलव्ध गराउनका निमित्त, व्यवसायिक ऋणको उपलव्धता गराउने विषयलाई ध्यान दियो भने यसले महिलाहरुलाई सक्षम बनाउँछ कि भन्ने मैले सुझाव दिन चाहन्छु । महिलाहरुले आफूले गर्न चाहँदा चाहँदै पनि अथवा आफूमा त्यो क्षमता हुँदा हुँदै पनि पैसाकै कारण रोकिराखेका छन् । हुन त बैंकले ऋण दिएको छ, तर पनि प्रदेश सरकारले आफूले आफ्नो अपनत्व गर्ने गरिकन महिला दिदीबहिनीहरुलाई अझ किशोरीहरुलाई सर्वसुलभ व्यवसायिक ऋण उपलव्धता गराउने सर्वसुलभ व्यवस्थाको विकास गरिदियोस् भन्ने मेरो सुझाव छ ।

अर्को यो प्रदेश भित्र रहेको सुकुम्वासी तथा भूमिहीन विषयमा नीतिगत स्पष्ट छैन । प्रदेशले आवश्यक तथ्यांकहरु संकलन गरी तिनीहरुको व्यवस्था गर्ने विषय पनि अलि छुटेको हो कि भन्ने मलाई लाग्छ र यो विषयलाई पनि समेटिनु पर्छ भन्ने मलाई लाग्छ । आकाशिदो मूल्य वृद्धिको कारण जनताहरुले खेप्नु परेको पोषण संकटलाई निराकरण गर्नका लागि आवश्यक नीतिको पनि आवश्यक छ । कर्मचारीहरुलाई दिइदै आएको मूल्य वृद्धि भत्ता भन्दा खाद्यान्न तथा सेवाहरुमा गर्ने अनुदानले समग्र प्रदेशवासीहरुको खाद्य पोषण तथा सुलभ सेवालाई विशेष कार्यक्रम मार्फत ल्याउन आवश्यक देखिन्छ र यसले गरीव विपन्न वर्गहरुको खाद्य सम्प्रभुत्ता, खाद्य सुरक्षा र किसानहरुको खाध्य सम्प्रभुता मध्य नजर गर्दै त्यो खालको नीति ल्याउनु भयो भने यसले प्रदेशवासीहरुको अपनत्व फिल गर्ने हुन्थ्यो भन्ने विशेष ध्यान दिनुभएको भए राम्रो हुने थियो भन्ने सुझाव दिदै र यस नीति कार्यक्रम प्रति हाम्रो दलको तर्फबाटचाहिँ

आलोचनात्मक समर्थन रहेको जानकारी गराउदै मेरो भनाई यहीँ अन्त गर्छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री हरि बहादुर चुमानलाई लाई छलफलमा भाग लिन समय दिन्छु, समय १२ मिनेट ।

**माननीय हरि बहादुर चुमान,**

माननीय सभामुखज्यू, परिस्थिति र समयको अत्यधिक चापको बिचबाट नवगठित प्रदेश सरकारले आफ्नो २०७८÷०७९ को नीति तथा कार्यक्रम पेश गरेको छ । मैले भनिहाले परिस्थितिको चाप कस्तो रह्यो भन्दा आन्दोलनको बिचबाट, आन्दोलन गर्दागर्दै, धर्ना बस्दाबस्दै, सरकारको गठन गर्नुपर्ने एउटा परिस्थिति पैदा भयो । २९ गते रातारात सरकारको गठन अर्थात् २९ गते राति शपथ ग्रहण, ३१ गते नीति तथा कार्यक्रमको प्रस्तुति, अब यो समयको चाप पनि छँदैथियो । यो परिस्थितिको बिचबाट नयाँ सरकारले आफ्नो नीति तथा कार्यक्रम ल्याएको छ ।

म आफै भन्दैथिएँ कि, यो नीति तथा कार्यक्रम, यो १०० बुँदा भन्दा बढीको नहोस्, धेरै किन बोल्नुपर्यो ? गर्नको निम्ति धेरै बोल्नु पर्दैन भन्ने ठानेको थिएँ तर पनि अब यसलाई यो टिप्दा अर्को छुटयो, अर्को टिप्दा अर्को छुटयो जस्तो बन्दोरहेछ । समयको चाप बिचमा यो अनुभूति पनि भयो र गर्दे जाँदा यो १८१ बुँदे  बन्न पुग्यो ।

यसो भइरहँदा मलाई यो नीति तथा कार्यक्रमको सन्दर्भमा आफ्नो बुझाई के छ अर्थात हाम्रो पार्टी नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रको बुझाई के छ  भन्ने विषयमा म थोरै राख्न चाहन्छु । पहिलो कुरा यो सरकारले यो समृद्धि प्रदेश सुखी नागरिकको जुन साझा संकल्प हो यो प्रदेशको, यसप्रति आफ्नो पवित्र उत्तरदायित्व गहन गरेको छ र यसप्रति आफ्नो दरो स्वामित्व ग्रहण पनि यो नयाँ सरकारले गरेको छ ।

यसैकारण मैले यसलाई संक्षिप्तमा भन्दा, विगतको सरकारले अर्थात् साढे तीन वर्ष हाम्रो माननीय पृथ्वीसुब्वा गुरुङको नेतृत्वमा बनेको सरकारले जे जस्ता नीति योजनाको निर्माण गर्यो त्यसलाई निरन्तरता दिएको छ ।

मैले यहाँ सिधै भनों कि, प्रदेशका गौरवको आयोजना निरन्तरता दिएको छ, अझ त्यो बजेटमा स्पष्ट हुनेछ । एक निर्वाचन एक सडक, त्यसलाई पनि निरन्तरता दिएको छ अथवा जति पनि एक घर एक धारा, गण्डकी प्रदेश उज्यालो प्रदेश भलै आफ्नो नीति कार्यक्रममा किन नहोस् त्यसले उल्लेख गरेको किन नहोस्, यसलाई निरन्तर दिने कुरालाई त्यसलाई फेरी बुँदा बुँदामा भनिरहनु पर्ने थिएन, यसभन्दा थप के गर्न सकिन्छ ? हो, त्यसको निम्ति हामीसित बजेटको अभाव छ त्यो बजेट हामीले यहाँ जति कुरा हाम्रो यहाँ जुन बुझाई छ, यसलाई यहाँ संवोधन गर्न नसकिएला तर पनि संवोधन गर्न सक्नुपर्छ यो सरकारले भन्ने एउटा हिम्मत देखाएको छ ।

मैले यस सन्दर्भमा यति भनेर केही सन्दर्भ राख्न चाहैं, खासगरी अहिलेको मुख्य समस्या यो कोभिड-१९ को संक्रमणबाट प्रभावित जनता अर्थात नागरिकको जीवन रक्षाको कुरा हो, त्यसको सबैभन्दा प्रमुख कडी भनेको खोप नै हो । खोपको व्यवस्थाको निम्ति हामी सबैलाई थाहा छ, यो संघ सरकारले नै उपलव्ध गराउँछ तर संघसंस्थाले उपलव्ध गराएकोले पुग्दैन ।

नपुग्ने जति भ्याक्सिन, खोपको सुनिश्चिता प्रदेश सरकारले गर्नै पर्छ त्यो ढङ्गले यो नीति कार्यक्रम आएको छ । नीति कार्यक्रम त्यो हिसावले संवोधन गरिएको छ । तर पनि त्यसलाई लेख्दा त्यही रुपले प्रष्ट हुने गरी यहाँ लेखिएको छैन हामीले यहाँ लेख्नुपर्छ भनेर हामीले भनेका थियौं तर त्यो यहाँ लेखिएको छैन तर यसलाई लेख्नु पर्छ भनिएको थियो तर यहाँ लेखाईमा त्यो कुरा अलि प्रस्तुत भएको छैन । तर प्रदेश सरकारको भनाई के हो भने अपुग खोप प्रदेश सरकारले किन्ने छ, खोपको सुनिश्चितता दिलाउने छ भन्ने यो सरकारको नीति हो । अर्को नगद राहतको कुरा भनियो, अब यो कोभिड—१९ को संक्रमणको कारणले बावा—आमा वा दुवै गुमाउने बच्चाबच्ची हामीले तिनको सुरक्षा गर्नैपर्छ, तिनको खानपान देखि लिएर शिक्षादिक्षाको व्यवस्था गर्नैपर्छ ।

त्यहाँ संवोधन गर्न जरुरी छ र त्यसरी नै उहाँको परिवारलाई केही न केही नगदको राहत उपलव्ध गराउनै पर्छ भन्ने कुरा रहेको छच । यसमा अझ महत्वपूर्ण कुरा के हो भने यो शान्तिपूर्ण प्रक्रियालाई पनि यो नीति कार्यक्रमले संवोधन गर्न खोजिएको

थियो, हामीलाई एउटा पीडा थियो, शान्तिप्रिय एउटा सदस्य सरकारमा भइरहँदा त्यो शान्ति प्रक्रियाका कुरा संवोधन गर्न खोजिएको एउटा पीडा थियो, यसपटक त्यसलाई संवोधन गर्ने कुरा हामी सरकारमा भइरहँदा त्यो एउटा हिम्मत के हो भने जनयुद्ध, जनआन्दोलनका सहिद, वेपत्ता, घाइते, अपाङ्गहरुलाई उहाँको विवरण अर्थात परिचय-पत्र उपलव्ध गराउने जुन छ त्यसलाई संवोधन गर्न खोजिएको छ त्यसरी नै एउटै मात्र सहिदका बच्चाबच्चीहरुको पढ्ने स्कूल सहिद स्मृति आवासीय विद्यालय, त्यसपछिको प्रदेश सरकारले वनरसीप लिनुपर्छ भनेर गत वर्षमा पनि हामीले छलफल गर्यो, त्यो सम्भव भएन । तर यो वर्ष त्यसलाई यो वर्ष अगाडि बढाउनु पर्छ भनेर हामीले त्यसलाई एउटा व्यावसायिक स्कूलको रुपमा अगाडि बढाउनु पर्छ भनेर प्रदेश सरकारले यसको वनरसीप लिनुपर्छ भनेर यसको बाँकी कामको बारेमा मैले लिएको छु ।

त्यसरी नै यो प्रदेश सरकारले गुठी समस्याको बारेमा गुठी जग्गा समस्याको बारेमा, त्यहाँका गुठीपीडित नागरिकहरुले आवाज उठाइरहेका थिए, त्यसलाई संवोधन गर्न खोजिएको छ । हुन त त्यो संघ सरकारको अधिकार भित्र पर्दछ । तर पनि यसको पहल गर्नको निम्ति ती निराश भएका जनतामा एउटा उत्साह भरेर पक्कै पनि यसको व्यवस्थापन हुनेछ भन्ने एउटा विश्वास दिलाउनको निम्ति यी गुठी जग्गालाई रैकर गर्ने सन्दर्भमा पनि खसगरी म्याग्दी र तनहुँमा यसको समस्या छ । यसलाई संवोधन गर्न कोसिस गरेको छ र अर्को कुरा, गण्डकी प्रदेश सरकारले एउटा नयाँ अवधारणा ल्याएको छ, हुन त्यसको निम्ति काफी बजेट नहोला तर पनि पहल गर्दै जाँदा यो अगाडि बढ्ला । त्यो सन्दर्भमा यो भ्याली सभ्यता, नदीभ्याली हाम्रा जति पनि फाँटहरु छन्, नदीले बनाएका फाँटहरु हुन् । त्यतातिर हाम्रो ध्यान गएन विगतका दिनहरुमा।

त्यसकारण नदीभ्याली नदीले बनाएको फाँटहरु, नदीले बनाएको उपत्यकाहरुको पहलन गर्नु पर्छ, हुन त काफी बजेट नहोला, त्यसको निम्ति हामी पहल गर्दै जाउँला। यसको अर्को विशेषता के छ भने, मैले अर्को एउटा के कुरा राख्न चाहें भने, हामी यो संघीयताको निम्ति प्रतिवद्ध छौं । हामीले जति पनि अधिकार पाएको छ, त्यहाँ कन्जुस्याईं भएको छ । जुन पाइसकेको अधिकारहरुमाथि पनि जुन हाम्रो अनुसूचीमा पनि छ ।

त्यसमाथि पनि हस्तक्षेप भन्दै गएको छ  कि त्यसको हाम्रो एकल  अधिकारको सूची अनुसारको कानुन हामीले बनाउने पर्छ, त्यसको कार्यान्वयन सरकारले बनाउनु पर्छ भनेर हामी भनेका छौं भन्ने सन्दर्भमा एउटा सिंवोलिक यो कार्य होस् भनेर के भनेका छौं भनेर त्यो अनुसन्धान व्यूरो निर्माण गर्ने कुरा हामी पहल गर्नेछौं भनेर यहाँ बोलिएको छ त्यो भनेको यो समग्र त्यो अनुसूची अनुसार हाम्रो प्रतिवद्धता हो भन्ने मैले ठानेको छु ।

त्यही कुरालाई परिमार्जन गर्नु पर्छ भनेर हामी लाग्यौं । अब यो जलवायु मैत्री मुख्यमन्त्री नमुना गाउँको कुरा जो छ, त्यो के हो भन्दा नाम मुख्यमन्त्री जलवायु मन्त्री काम भकारो सुधार, काम गोठ सुधार, दशवटा टेण्ट यो बनिराखेको थियो त्यसकारण यसलाई अलि परिमार्जन गरेर यसलाई एकीकृत रुपमा त्यसको विकास गर्नको निम्ति त्यहाँको कृषि प्रणाली, पर्यटन यो हिसावले यसलाई अगाडि बढाउनु छ भन्ने हिसावले त्यसरी नै अर्को कुरा विगतमा के भनिएको थियो भने जनतासँग मुख्य मन्त्री थियो भनेपछि जनतासँग मुख्य मन्त्री भनेपछि, अलि साँघुरो भयो, अलि सीमित भयो भने पछि अब जनतासँग मुख्य सरकार भनेपछि सबै मन्त्री त्यो कार्यक्रम मार्फत जनतालाई संवोधन गर्न पाउँछन्, सबैले त्यो कार्यक्रम त्यो गर्न पाउँछन् परिमार्जन ल्याइएको छ मैले यहाँ विस्तृत रुपमा जान सकिएन ।

अर्को पनि केही परिमार्जनमा पनि अलि जोड दिन जरुरी छ, त्यसलाई हामीले यहाँ उल्लेख गर्न सकेका छैनौं । त्यसमा के लागेको छ भने, विगतमा योजना र बजेट जुन वितरण भए, अधिकांश त ठिकै छन् म पनि त्यसको एउटा सहभागी सदस्य भएको हुनाले म पनि त्यसको संवोधन गर्छु त्यसकारण असन्तुलन देखा परेकै छन् । योजनाको वितरणमा, बजेटको वितरणमा अलि ठूलै असन्तुलन त्यही ठाउँहरुमा हामीले देखेका छौं र त्यो असन्तुलन मिलाउनु पर्छ यस पटक त्यो अलि गलत म्यासजेज गईरहेको थियो त्यसलाई सच्याउनु सक्नु पर्छ भन्ने लागेको थियो । मुख्य त त्यो बजेट निर्माणको सन्दर्भमा हुन्छ । त्यसरीने मेले यो संवोधन गर्नु पर्‍यो त्यो छुटेको छ त्यसलाई पनि हामीले यो गण्डकी समाज सभ्य समाज भनेर भनिएको थियो हो १ करोडले भलै सबै जिल्लालाई संवोधन गर्न सकिदैन थियो त्यसकारण थोरै विद्यालयलाई मात्र संवोधन गरिएको छ ।

त्यसमध्ये ६३ वटा विद्यालयमा यो संवोधन गरिएको छ । त्यो कार्यक्रमले यो प्रदेशमा मुख्यतः लागु औषध दुव्र्यसनीका विरुद्ध सचेनतता अभियान लगायत अन्य पक्षमा पनि त्यसले पहल कदमी लिएको छ । यसलाई हामीले हरेक उच्च मा.वि.हरुमा लागु गर्नु पर्ने थियो त्यो सीमित रुपमा मात्र पहल भईरको छ । यसलाई निरन्तरता दिन जरुरी । हामीले अघिनै यसमा गरेका कुरा यो नीजि क्षेत्रले पहल गरिराखेको अघि कुरा आयो, गण्डकी विश्वविद्यालय हुँदाहुँदै अरु विश्वविद्यालयको कुरा किन आयो । गण्डकी विश्वविद्यालयलाई त्यही कुरामा हामी प्रतिवद्ध छुँदैछौं ।

हिजो हामी आफैले बनाएको नीति, हामीले भनेका प्रतिवद्धता आए यहाँ अन्य विश्वविद्यालयका कुराहरु पनि आए, यस सन्दर्भमा मैले अघि नै भनिसकें यदि नीति क्षेत्रले पहल गर्छ भने यो आदिकवि भनुभक्तलाई क्याम्पसलाई युनिभर्सिटीको रुपमा बनाउँछ भने यो नीजि क्षेत्रले पहल गरिराखेको छ, यदि साँच्चै उहाँले पहल गरेर जान्छ भने प्रदेश सरकार त्यसलाई सहयोग गर्छ, यसलाई पहल गर्छ, समर्थन गर्छ, आफूले गर्न सक्ने कुरा मैले सरसर्ती यी विषयहरु, यो नीति कार्यक्रमको विशेषताको रुपमा यस सन्दर्भमा मैले के भन्न चाहन्छु भने यो मानसिकता भनेको कुरा परिवर्तन भईरहनु हुँदैन भन्ने कुरा पूर्ववक्ता माननीय सदस्यज्यूहरुले राख्नुभयो, म पनि त्यसमा समर्थन गर्न चाहन्छु त्यसमा परिवर्तन भइरहनु हुँदैन ।

म पनि यहाँ बोलिरहेको छु कि हिजोको सरकार माननीय पृथ्वीसुव्वा गुरुङको सरकारको नेतृत्वको पनि म सदस्य, हाम्रो यो दल प्रमुख रुपमा सहभागी छ, यसकारण हामीले हिजो जनाएको प्रतिवद्धताप्रति प्रतिवद्ध नै छौं यसमा र त्यसभन्दा थप के गर्न सक्छा शंका नगर्न म अनुरोध गर्न म चाहन्छु । र अर्को पनि शंका नगर्न हुन मे के भन्छु भने अब प्रतिपक्षबाट बोल्नुपर्यो, यसको कहाँनिर कमजेरीहरु छन्, कहाँनिर नेगेटिभ पक्षहरु छन् नियाँल्नु पर्छ, रचनात्मक सहयोग गर्ने उद्देश्यले प्रतिपक्षको दलहरुका निम्ति पनि म आग्रह गर्न चाहन्छु । यो अहिले हिजो मात्र प्रस्तुत गरिएको प्रदेश सरकारको ०७८÷०७९ को नीति तथा कार्यक्रमको हाम्रो पार्टी नेकपा एमालेको संसदीय दलको दृढ संकल्प रहेको जानकारी गराउँदै र यहाँको पनि समर्थन रहन्छ भन्दै आफ्नो भनाई टुंग्याउछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो वैठक एक घण्टाको लागि स्थगित हुन्छ ।